शिवनाथ गाउँपालिका

Shivanath Rural Muncipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

शिवनाथ, बैतडी

Shivanath, Baitadi

पत्र संख्या (Ref. No) :- २०८१/०८२

सूचना नं. (Information. No).:- ०२

Sudurpashchim Province, Nepal

सुदूरपश्चिम प्रदेश, नेपाल

५.शर्त बमोजिम पेश नभएका, रित नपपुगेका र म्याद नाघि आएका प्रस्तावहरुमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले प्रस्ताव स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ।

६.प्रस्ताव स्विकृति पश्चात पेश गर्नु पर्ने वार्षिक भाडा एकमुष्ट रकम रु. ४०,०००।– (चालिसहजार) रकम सम्झौता अगाडीनै नगद सहित तथा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ।

७.क्यान्टिन सञ्चालन गर्दा सम्बन्धित व्यक्ति वा सँस्था स्वंयमले क्यान्टिनका लागि आवश्यक सामाग्रिको व्यवस्था गर्नुपर्नेछ। क्यान्टिन सञ्चालनका लागि २ कोठा उपलब्ध गराउने छ। र विधुत आपुर्तिको लागि कार्यालयले सञ्चालकको नाममा बिधुत सहायक मिटर जडान गर्नेछ साथै बिधुत खपत युनिट बमोजिमको बिल रकम सञ्चालकले नै व्यहोर्नु पर्नेछ।

८.सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। यसरी स्वार्थ बाँझिने गरी पेश भएका प्रस्तावदाताहरुलाई समेत क्यान्टीन सञ्चालन गर्न दिईने छैन।

९.यस सूचनामा उल्लेखित शर्तहरु सो बमोजिम र अन्य शर्तहरुप्रचलित कानुन बमोजिम हुनेछ।

२०८१/८/२

प्रमुख प्रशासकीय अधिकृत

शिवनाथ गाउँपालिका
Shivanath Rural Muncipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi

पत्र संख्या (Ref. No) :- २०८१/०८२
सूचना नं. (Information. No).:- ०२

Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

## ।।कार्यालय क्यानटिन सञ्चालनका लागि सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना ।।

प्रथम पटक प्रकाशित मितिः-२०८१/०४/०२

यस शिवनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सुल्लेखान स्थित कार्यालय परिसरमा रहेको भवनमा चमेना गृह(क्यान्टिन)सञ्चालनका लागि प्रस्ताव आह्वानगर्नु पर्ने हुँदा उल्लेखित प्रस्तावको प्रथम पटकका लागि ७ दिने सुचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा संस्थालाई कार्यालयले निर्धारण गरेको अधिकतमदर अंकमा रकम नबढ्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि.नं. | विवरण | स्थान | प्रस्ताव खरिद दस्तुर |
|---|---|---|---|
| १. | गा.पा.कार्यालयमा चमेना गृह सञ्चालन | शिवनाथ ०६ कार्यालय परिसर | रु.१०००।– (फिर्ता नहुने गरी) |

**शर्तहरुः-**

१.क्यान्टिन सञ्चालनका लागिदररेट भर्दा कार्यालयले उपलब्ध गराएको दररेट फाराम अनुसार कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ।कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र यसरी सवैभन्दा कम कबोल अंकहरु उल्लेख गर्ने प्रस्तावकहरुको प्रस्ताव स्विकृत गरिनेछ।

२.क्यान्टिन सञ्चालन अवधि सुरु सम्झौता भएको मिति बाट पहिलो पटकका लागि परिक्षणकालको रुपमा २०८२ साल आषाढ मसान्त सम्म हुनेछ त्यसपछि कार्यालयलाई उचित लागेमा सम्झौता थप गर्न सक्नेछ।

३.उल्लेखित प्रस्ताव खरिद गर्दा नियमानुसार लाग्ने खरिद दस्तुर (पछि फिर्ता नहुने गरी)यस कार्यालयको राजश्व शाखा वा नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको च.हि.नं. ४१८९५२४१२०७००४ राजश्व खातामा जम्मा गरेको भौचर सम्बन्धित व्यक्तिको परिचय खुल्ने कागजात सहित पेश गरी खरिद गर्न सकिनेछ।

४.प्रस्ताव खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले ७ औ दिन सम्म हुनेछ।८ औ दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १३:०० बजे प्रस्ताव खोलिनेछ।